नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

मितिः २०८२ माघ २ गते

## राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा आंशिक रूपमा अवरूद्ध भएको सम्वन्धी सूचना

हिजो मिति २०८२ माघ १ गतेदेखि राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) मा केही प्राविधिक समस्या आएको र यसको मर्मत कार्य जारी रहेकोले सो कार्य पुरा नभएसम्म विभाग सम्बद्ध देहायका सेवाहरू अवरूद्ध भएको व्यहोरा सबै सरोकारवाला एवम् सेवाग्राहीहरूको जानकारीका लागि यो सूचना प्रवाह गरिएको छ। मर्मतको कार्य सम्पन्न हुनासाथ सेवा प्रवाह सूचारू हुने व्यहोरा जानकारी गराउँदछौं।

राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन र वितरण सम्वन्धी कार्य अफलाईन मार्फत् गर्न सकिने हुनाले सोही बमोजिम गर्ने गराउने व्यवस्था हुन सबै राष्ट्रिय परिचयपत्र सेवा इकाई (NID Station) हरूलाई जानकारी गराउँदै सो कार्यमा सहयोग गरिदिनुहुन सेवाग्राही सर्वसाधारण महानुभावहरूमा समेत जानकारीसाथ अनुरोध छ। अफलाईन मार्फत् राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराएका सेवाग्राहीहरूलाई अनलाईन सेवा सूचारू भएपछि राष्ट्रिय परिचय नम्बर (National Id No., NIN) एसएमएस मार्फत प्राप्त हुनेछ। राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा आंशिक रूपमा अवरूद्ध हुन गएकोले यसबाट सर्वसाधारणमा पुग्न गएको असुविधाप्रति विभाग क्षमाप्रार्थी छौं।

अवरूद्ध हुने सेवाहरू:

क. अनलाईन मार्फत् राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन तथा कार्ड वितरण सेवा,

ख. राष्ट्रिय परिचयपत्रको विवरण सच्याउने (Citizens Data Update) सेवा,

ग. जन्म दर्ता गर्दाका बखत राष्ट्रिय परिचय नम्बर प्राप्त (NIN Generate) हुने सेवा,

घ. सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरूको नाम दर्ता तथा नवीकरणका क्रममा राष्ट्रिय परिचय नम्बर/जैविक विवरणबाट प्रमाणीकरण (NIN/Biometric Verification) सेवा,

ङ. राहदानी, बैंक तथा वित्तीय संस्था, कम्पनी रजिष्ट्रार, नागरिक एप, वैदेशिक रोजगार, राष्ट्रिय किताबखाना, स्थायी लेखा नम्बर (प्यान नम्बर) लगायत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग अन्तरआवद्धता भएका अन्य सार्वजनिक सेवाहरू ।

२०८२/१०/०२

निर्देशक

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np